# शिक्षक अनुदान रकम व्यवस्थापन सम्बन्धि निर्देशिका २०७६

**प्रस्तावना:**

नेपालको संविधान २०७२ को कार्यान्वयन सगै देश सघीयतामा प्रवेश गरेको र संविधानले नै जनताको शिक्षाको अधिकारलाई तीन तहकै सरकारको अधिकार र दायीत्व भित्र राखेको र माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहको एकल अधिकार भित्र रहने सवैधानिक व्यवस्था गरेकाले सो अधिकार तथा दायीत्वलाई व्यवस्थापन तथा नियमन गर्नको लागि यस पूर्वीचौकी गाउकार्य पालिका बाट पूर्वीचौकी गाउपालिकाको स्थानीय शिक्षा ऐन २०७५ जारी भएको र उक्त ऐनको नियम ६२को खण्ड २ ले यस ऐनको कुनै प्रावधानलाई कार्यान्वयन गर्नको लागि गाउ शिक्षा समितिले आवश्यक निर्देशिका बनाइ लागु गर्न सक्ने अधिकार प्रदान गरेकोले पूर्वीचौकी गा.पा.को स्थानीय शिक्षा ऐनको नियम ४६ मा भएको अनुदानको व्यवस्थालाई व्यवस्थापन गर्ने उदेश्यले पूर्वीचौकी गा.पा.को गाउ कार्यपालिकाले यो निर्देशिका जारी गरेको हो ।

## परिच्छेद १

## संक्षिप्त नाम,प्रारम्भ र परिभाषा

१ संक्षिप्त नाम र प्रारम्भ:

क) यस निर्देशिकाको नाम शिक्षक अनुदान व्यवस्थापन गर्ने सम्बन्धि निर्देशिका २०७६ रहने छ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिका पारित गरी गाउकार्यपालिकाको स्वीकृति प्रदान गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) " गाउसभा " भन्नाले पूर्वीचौकी गाउपालिकाको गाउसभालाई सम्झनु पर्नेछ ।

ख) गाउपालिका भन्नाले पूर्वीचौकी गा.पा.लाई सम्झनु पर्न छ ।

ग) अध्यक्ष भन्नाले गाउपालिकामा गाउपालिकाका अध्यक्ष र वडाको हकमा वडाका अध्यक्षलाई सम्झनु पर्छ ।

ঘ) वडा भन्नाले पूर्वीचौकी गाउपालिकाको कुनै पनि वडालाई सम्झनु पर्छ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पूर्वीचौकी गाउपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) स्थानीय शिक्षा ऐन भन्नाले पूर्वीचौकी गाउपालिकाको स्थानीय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

४) शैक्षिक अनुदान भन्नाले पूर्वीचौकी गाउपालिकाको स्थानीय शिक्षा ऐनको नियम ४६ बमोजिम गाउपालिका बाट विनियोजन गरेको रकमलाई सम्झनु पर्छ ।

ज) विनियोजन भन्नाले पूर्वीचौकी गाउपालिकाको गाउसभा वा कार्यपालिका बाट रकम छुट्याउन कामलाई सम्झनु पर्छ ।

झ) अनुदान शिक्षक भन्नाले पूर्वीचौकी गाउपालिकाको स्थानीय शिक्षा ऐनको नियम ४६ बमोजिमको शैक्षिक अनुदान बाट तलबभत्ता खानेगरी नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

६) सामाजिक परीक्षण भन्नाले सरोकारवालाको भेलाको आयोजना गरी परिमाणात्मक तथा गुणात्मक अवस्थाको लेखाजोखा गर्ने कार्यलाई सम्झनु पर्छ ।

७) विद्यालय भन्नाले शैक्षिक अनुदान प्राप्त गर्नको लागि ५नौंधमा परेको विद्यालय सम्झनु पर्छ । यस शब्दले बालविकास केन्द्र समेतलाई बुझ्नु पर्छ ।

८) गाउ शिक्षा समिति भन्नाले पूर्वीचौकी गाउपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## शिक्षक अनुदानका शीर्षक सम्वन्धि व्यवस्था

घ. पूर्वीचौकी गा.पा.को गाउ सभाले गा.पा.भित्र संचालित सामुदायिक विद्यालयलाई पूर्वीचौकी गा.पा. को स्थानीय शिक्षा ऐनको नियम ४६ बमोजिम विनियोजित हुने शिक्षक अनुदानको रकमलाई विद्यालयले तपसिल बमोजिमको शिर्षकमा प्राथमिकताका आधारमा खर्च गर्न सक्नेछ :

क. शिक्षक तलबभत्ता

## परिच्छेद ३

## शैक्षिक अनुदानबाट त.भ. खाने गरी नियुक्त शिक्षकको नियुक्ति सम्वन्धि व्यवस्था

**४. शिक्षक अनुदानबाट त.भ. खाने गरी नियुक्त शिक्षकको नियुक्ति सम्बन्धि व्यबस्था देहाय बमोजिम हुने छ :**

क) गाउपालिकाबाट शैक्षिक अनुदान शिर्षकबाट तलब भत्ता उपभोग गर्ने गरी कार्यरत शिक्षक तथा कर्मचारीहरु कार्यरत विद्यालयको लागि प्रत्येक आ.ब.मा पुनः शैक्षिक अनुदान बिनियोजन गरेमा गाउ पालिकाले आ.ब.प्रारम्भ भएको पहिलो महिना भित्र विनियोजन रकमबाट विद्यालयलाई खुद निकासा हुने रकम उल्लेख गरी शिक्षक कर्मचारी सग करार सम्झौता गर्न सम्बन्धित विद्यालयलाई पत्राचार प्रदान गर्नु पर्नेछ :

ख) खण्ड क बमाजिम पत्र प्राप्त भए पछि सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षक संग करार सम्झौता गरी प्रत्येक एक आर्थिक वर्षको लागि नियुक्तिको म्याद थप गर्नु पर्नेछ । करार सम्झौता गर्दा निजले पाउने सेवा सुविधा र काम कर्तव्य र अधिकार स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

ग) गा.पा. अनुदान शिक्षकको पद रिक्त भएको कारणले पदपूर्ति गर्नु पर्ने अवस्था भएमा पूर्वीचौकी गा.पा.को स्थानीय शिक्षा ऐन २०७५ बमोजिम गर्नुपर्ने छ । यसरी नियुक्त शिक्षक तथा कर्मचरी संग विद्यालयले यसै निर्देशिका बमोजिम करार सम्झौता र म्याद थप गर्नु पर्नेछ ।

३) आ.ब. २०७८।०७७ भन्दा पहिले गा.पा. शिक्षक अनुदानबाट तलब भत्ता उपभोग गर्ने गरी कार्यरत शिक्षक तथा कर्मचारीहरुको यो निर्देशिका प्रारम्भ भएको १ महिना भित्र र यस पश्चात नियुक्त हुने शिक्षकहरुले नियुक्ति लगत्तै गाउँपालिकामा नियुक्तिको अभिलेखीकरण गर्नु पर्नेछ ।



CamScanner

## परिच्छेद ४

### शिक्षक अनुदानबाट तलब भत्ता खानेगरी नियुक्त शिक्षकको तलब भत्ता तथा सेवा शर्तहरु

५. गाउपालिकाबाट विनियोजन भएको शिक्षक अनुदान रकमबाट त.भ. सुविधा उपभोग गर्ने कार्यरत शिक्षक तथा कर्मचारीको नियुक्ति र सेवा सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

क) आ.ब ०७६।७७ मा देहायको दरमा मासिक तलब भत्ता र चाडबाड खर्च बाफत थप एक महिनाको तलब भत्ता प्राप्त गर्नेछन । प्राप्त गर्न सक्नेछन । पोशाक भत्ता प्राप्त गर्ने शिक्षक कर्मचारीले समान तहको शिक्षक कर्मचारीको जस्तै पोशाक प्रयोग गर्नु पर्नेछ ।

| | |
|---|---|
| माध्यमिक तह( कक्षा ९-१०) शिक्षक | मासिक रु १५,०००।०० |
| आधारभूत तह( कक्षा६-८)शिक्षक | मासिक रु १२,०००।०० |
| आधारभूत तह( कक्षा१-५)शिक्षक | मासिक रु १०,०००।०० |
| बालकक्षा स.का. | मासिक रु ६,०००।०० |

ख) यदि खण्ड क बमोजिम तलब भत्ताको अतिरिक्त हुने गरी कुनै विद्यालयको लागि रकम विनियोजन भएको अवस्थामा वि.व्य.स.ले. समान तहको शिक्षक सरह त.भ.पुग्ने गरी आवश्यक रकम थप गर्न सक्नेछन । यस पछि पनि रकम पुग्ने भएमा मात्र विद्यालयले यस निर्देशिकाको नियम २ को खण्ड ग र घ को शिर्षकमा खर्च गर्न सक्नेछन ।

ग) गा.पा. अनुदान शिक्षक कर्मचारीको योग्यता, काम कर्तव्य र अधिकार पूर्वीचौकी गा.पा. को स्थानीय शिक्षा ऐन बमोजिम हुनेछ । तर यो निर्देशिका प्रारम्भ पूर्व कार्यरत शिक्षक कर्मचारीको योग्यताको सम्बन्धमा यो खण्ड लागु हुने छैन ।

## परिच्छेद ५

### शिक्षक अनुदान रकम निकासा र लेखा व्यस्थापन प्रक्रिया

ट. गा.पा.बाट शैक्षिक अनुदान रकम निकासा र लेखा व्यस्थापन प्रक्रिया देहाय बमोजिम हुनेछ

क) शैक्षिक अनुदान प्राप्त गर्ने विद्यालयले गा.पा.को यसै निर्देशिकाको नियम २ खण्ड ख बमोजिमको पत्र प्राप्त भएपछि नियम २ बमोजिमका शिर्षकहरुमा विद्यालयको आवश्यकता र औचित्यलाई मध्यनजर गरी शिक्षक त.भ भए मागफारम, स्टेसनरी मसलन्द भए कोटेसन र भौतक तर्फ सामान्य निर्माण मर्मत भए प्राबिधिक इष्टिमेट तयार गरी वि.व्य.स.बाट अनुमोदन गराइ सम्बन्धित वडाको सिफारिस समेत गा.पा.मा पेश गर्न पर्नेछ ।

ख) गा.पा.ले खण्ड क बमोजिम पेश भएका कागजात मूल्यांकन गरी शिक्षक कर्मचारीको त.भ. बाफतको रकम चौमासिक रुपमा, पोशाक भत्ताको रकम तेस्रो चौमासिकमा र अन्य शिर्षकको सम्पूर्ण रकम किस्ताबन्दी रुपमा वा एकै पटक विद्यालयको नाममा रहेको बैंक खातामा निकासा गरी विद्यालयलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेछ ।

ग) खण्ड ख बमोजिम निकासा भएको रकम विद्यालयले सम्बन्धित शिर्षकमा खर्च गरी ... को एक प्रति बिल, भर्पाई , निर्माण मर्मत भए प्राविधिक प्रतिवेदन र सामाजिक परीक्षण प्रतिवेदन समेतको फायल हरेक असाढ मसान्तमा गा.पा.मा पेश गरी रकम फस्यौट गर्नुपर्नेछ ।

घ) खण्ड ग बमोजिमको श्रेस्ताको विद्यालयले लेखापरीक्षण गराउनु पर्नेछ ।

ठ) बाधा अडकाउ फुकाउने : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आएमा त्यसलाई फुकाउने अधिकार गाउँ शिक्षा समितिमा रहनेछ ।